श्री संभाररथी विभाग,
सैनिक सामाग्री प्राप्ति निर्देशनालय,
बिदेश उपशाखा
जंगी अड्डा, भद्रकालीस्थान, काठमाण्डौं

मिति २०७४/०६/२ गते ।

**"सुरक्षा, सामरिक वा प्रतिरक्षा सामाग्री आपुर्ति गर्ने कार्यविधि-२०६४" अनुसार आ.व.०७४/७५ मा नेपाली सेनाको लागि आवश्यक विभिन्न सैनिक सामाग्रीहरु आपूर्तिको लागि कम्पनीहरु सूचिकृत गरिएको सम्बन्धमा**

१. आ.व.०७४/७५ मा नेपाली सेनाको निमित्त आवश्यक पर्ने विभिन्न सुरक्षा, सामरिक वा प्रतिरक्षाका सामाग्रीहरु आपुर्ति गर्न ईच्छुक ख्याती प्राप्त निर्माता कम्पनी वा अधिकृत विक्रेता कम्पनीहरुवाट कम्पनी सुचिकरणको दरखास्त आह्वानको लागि मिति २०७४/०२/०७ र ०८ गतेको **'The Rising Nepal'** मा ४५ दिनको सुचना प्रकाशित गरिएको ।

२. तोकिएको अवधी भित्र पेश हुन आएका दरखास्तहरु उपर छानविन गर्न यस विभागमा गठित बोर्डले कम्पनीहरु सुचिकृतको लागि सिफारिस गरे बमोजिम श्री रक्षा मन्त्रालयवाट स्वीकृती प्राप्त भएको हुंदा आ.व.०७४/७५ को लागि सुरक्षा, सामरिक वा प्रतिरक्षाका सामाग्रीहरु आपुर्ति गर्न ईच्छुक कम्पनीहरुको सूचि यस विभागको सूचना बोर्डमा टांस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।